

# दिसाजन्य लेदो व्यवस्थापनका सरसफाइकर्मीहरुले अपनाउनु पर्ने सुरक्षाका उपायहरु

दिसाजन्य लेदो व्यवस्थापनमा संलग्न हुनुहुने व्यक्तिहरूले हालको कोभिड-१९ रोगको महामारी तथा संकटपूर्ण समयमा पनि निरन्तर सेवा प्रदान गरिरहनु भएको छ । यस अवस्थामा, सबै सरसफाइकर्मीहरूले नोभल कोरोना भाइरसबाट बच्न निम्न उल्लेखित सुरक्षाका उपायहरू अनिवार्य अपनाऔं ।

## कार्यस्थल जानु अघि अनिवार्य रुपमा ध्यान दिनुपर्ने कुराहरु:



१ यदि शरीरमा कुनै घाउ भएमा त्यसमा पानी नपर्ने गरी ब्याण्डेज लगाऔं ।



२ लामो बाहुला भएको लुगा लगाऔं ।



३ चश्मा, माक्स, पञ्जा, एप्रोन, बुट लगाऔं ।




४ सरकारबाट जारी कार्य अनुमती पत्र लिऔं ।




५ हात धुनको लागि पानी र साबुन वा गुणस्तरीय स्यानिटाइजर बोकौं ।



६ एकजोर अतिरिक्त लुगा बोकौं ।

## कार्यस्थल पुगेपछि अनिवार्य रुपमा गर्नुपर्ने कार्यहरु:



१ साबुनपानीले मिचिमिची हात धोऔं ।



२ सिफारिस गरे अनुसार व्यक्तिगत सुरक्षा पोशाक लगाऔं ।



३ सुरक्षा पोशाक लगाएको समयमा आँखा, नाक र माक्समा नछोऔं ।




४ सुरक्षा पोशाक लगाइसकेपछि मात्रै ट्यांकर गाडी र सरसफाइमा प्रयोग हुने उपकरणहरू चलाऔं ।



५ गाडीमा बस्दा पनि सामाजिक दूरी कायम गरी कम्तिमा १ मिटरको फरकमा बसौं ।




६ हात धुनको लागि पानी र साबुन वा गुणस्तरीय स्यानिटाइजर बोकौं ।

## काम गर्दा अनिवार्य रुपमा ध्यान दिनुपर्ने कुराहरु:



१ ग्राहक वा अन्य व्यक्तिसँग कुरा गर्दा १ मिटर टाढाबाट बोलौं ।



२ कार्य स्थललाई घेराबन्दी गरौं ।




३ दिसाजन्य लेदो तान्ने पाइपलाई नहल्लिने गरी समातिराखौं ।



४ सेप्टिक ट्यांकी खाली गरिसकेपछि पाइप र अन्य प्रयोग भएका उपकरणहरू सफा गरौं ।




५ काम गर्ने क्रममा लेदो पोखिएको खण्डमा अनिवार्य चुन छर्केर सफा गरौं ।




६ ट्यांकर गाडीलाई सिफारिश गरिएका औषधीको प्रयोग गरी किटाणुरहित बनाऔं ।



७ काम सकिएपछि पञ्जा खोलेर साबुनपानीले मिचिमिची हात धोऔं ।

## कार्यस्थलबाट फर्किसकेपछि अनिवार्य रुपमा गर्नुपर्ने कार्यहरु:

सुरक्षा पोशाकहरू फुकालौं ।



साबुनपानीले मिचिमिची हातमुख धोऔं ।



लुगा फेरौं ।



फुकालेको सुरक्षा पोशाकहरू किटाणुरहित बनाउन तुरून्त धोऔं ।



पोशाकहरूलाई पारिलो घाममा सुकाऔं ।



मास्क लगाएर सुरक्षित तरिकाले आफ्नो घर फर्कौं ।



**ज्वरो आउने, घाँटी दुख्ने, खोकी लाग्ने जस्ता समस्या भएमा तुरुन्त चिकित्सकसँग सम्पर्क गर्नुहोस् ।**

UCLG ASPAC
United Cities and Local Governments Asia Pacific

Municipal Association of Nepal 2050

ENPHO
Creating Eco Societies

एन्फो, २०७७